# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नं. :

मिति: २०८१/१०/२४

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**महिला आत्मनिर्भर कार्यक्रमा सहभागीताको लागि दरखास्त आव्हान सम्बन्धमा ।**
**सूचना प्रकाशन मिति : २०८१/१०/२४**

प्रस्तुत विषयमा भीमेश्वर नगरपालिकाबाट महिला आत्मनिर्भर कार्यक्रम सञ्चालन कार्यविधी, २०८१ पारित भई प्रत्येक वडाबाट २० जना महिलाहरुलाई आर्थिक तथा सामाजिक रुपमा (आत्मनिर्भर ) बनाउने कार्यक्रम रहेको व्यवहोरा अवगत गराईन्छ। सो कार्यक्रममा सहभागी हुने इच्छुक भीमेश्वर नगरपालिकामा स्थायी बसोबास गरी उद्यम व्यवसाय गर्ने सोच राखेका नेपाली नागरिकहरुलाई सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपशिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिले यस नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा आवेदन गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित वडाबाट छनौट भएका सहभागीहरुले उक्त कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

आवश्यक योग्यता

- उमेर : २५ देखि ४५ वर्ष सम्मका महिला
- खेती व्यवसाय वा कुनै आर्थिक वृद्धिको क्षेत्रमा काम गरी रहेको
- कृषि पशुपालन गर्नचाहनेको लागि कम्तीमा ३ रोपपनी जग्गा भएको वा व्यवस्थापन गर्न सक्ने
- केहि काम गर्ने तथा नेतृत्व क्षमता विकास गर्ने चाहना रहेको
- विगत दूई वर्षदेखि स्थानिय तहबाट कुनै अवसर प्राप्त नगरेको
- लेखपढ गर्न सक्ने योजना बनाउन सक्ने र प्रतिबेदन लेख्न सक्ने
- तालिमको लागि पर्याप्त समय दिन सक्ने

पेशगर्नुपर्ने कागजातहरु :

- नागरिकता प्रमाण पत्रको फोटोकपि
- पासपोर्ट साइजको फोटो : २ प्रति
- शैक्षिक प्रमाण पत्रको प्रमाणपत्र प्रतिलिपि (उपलब्धभएमा )
- बिवाह गरी आएको भएमा बिवाह दर्ता पत्र प्रतिलिपि

पुनश्च :

- तालिम निशुल्क रुपमा प्रदान गरिनेछ र सहभागीलाई खाजा तथा स्टेशनरीको व्यवस्था गरिनेछ।
- व्यवसाय गरिरहेका र नयाँ व्यवसाय शुरु गर्ने सोच भएका युवाहरुलाइ विशेष प्राथमिकता दिइनेछ।

सहभागीलेदूई चरणमा तालिममा सहभागी भई आयआर्जनको लागि व्यवसायिक योजना तयार गरी व्यवसाय शुरु गर्नुपर्नेछ ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत